# तिलोत्तमा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## आ.व. ०८२/०८३ (का.पा.बै.सं २)

मिति २०८२ साल भदौ १६ गते तिलोत्तमा नगरपालिकाका नगर प्रमुख श्री रामकृष्ण खाणज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र.स. | पद दर्जा | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर कार्यपालिका अध्यक्ष | नगर-प्रमुख श्री रामकृष्ण खाण | |
| २. | नगर कार्यपालिका सदस्य | उप-प्रमुख, श्री जगेश्वर देवी चौधरी | |
| ३. | नगर कार्यपालिका सदस्य | श्री फर्शुराम गिरी | |
| ४. | नगर कार्यपालिका सदस्य | श्री डिल बहादुर भट्टराई | |
| ५. | नगर कार्यपालिका सदस्य | श्री कल्याण प्रसाद पौडेल | |
| ६. | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर क्षेत्री | |
| ७. | नगर कार्यपालिका सदस्य | श्री रमेश डुम्रे | |
| ८. | नगर कार्यपालिका सदस्य | श्री गणेश पाठक | |
| ९. | नगर कार्यपालिका सदस्य | श्री देवी प्रसाद पंगेनी | |
| १०. | नगर कार्यपालिका सदस्य | श्री कृष्ण प्रसाद पौडेल | |
| ११. | नगर कार्यपालिका सदस्य | श्री ध्रुव न्यौपाने | |
| १२. | नगर कार्यपालिका सदस्य | श्री गोपाल प्रसाद घिमिरे | |
| १३. | नगर कार्यपालिका सदस्य | श्री विष्णु बहादुर बराल क्षेत्री | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री सहदेव थारु | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री नारायण ढकाल | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री अश्विन पौडेल | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री खेमराज गुरुङ्ग | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री झविलाल भुसाल | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री दान बहादुर चौधरी | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री सुरेन्द्र श्री | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री राधा शाही | |
| २२. | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी घिले | |
| २३. | नगर कार्यपालिका सदस्य | श्री रवि सेन्चुरी | |
| २४. | नगर कार्यपालिका सदस्य | श्री नर बहादुर छन्तेल | |
| २५. | नगर कार्यपालिका सदस्य | श्री तारा सुनार | |
| २६. | नगर कार्यपालिका सदस्य | श्री सावित्रा पन्थी आचार्य | |
| २७. | नगर कार्यपालिका सदस्य | श्री देवकी चौधरी | |
| २८. | सचिव | श्री खुमलाल भुसाल | |

तिलोत्तमा नगरपालिका

कार्यपालिका बैठक सङ्ख्याः२/२०८२/०८३ (१८२) मितिः२०८२/०५/१६ गते ।

<u>प्रस्तावहरू:</u>

आर्थिक ऐन, २०८२ मा उल्लिखित भूमिकर (मालपोत) को मूल्याङ्कन दर सम्बन्धमा ।

तिलोत्तमा नगरपालिकाको भवन निर्माण सम्बन्धी मापदण्ड,२०७४ संसोधन सम्वन्धमा ।

एसियाली विकास बैंकको आर्थिक सहयोगमा कार्यान्वयन हुने परियोजना छनौट सम्बन्धमा ।

तिलोत्तमा नगरपालिकाको भू-उपयोग क्षेत्र नक्सा स्वीकृत गर्ने सम्बन्धमा ।

प्रदेश लोक सेवा आयोगमा माग आकृति फाराम भरी पठाउने सम्वन्धमा ।

निर्णय नं. १

तिलोत्तमा नगरपालिकाको राजस्व परामर्श समितिको मिति २०८२/५/०४ गतेको बैठकको निर्णयबाट सिफारिस भई आएको तिलोत्तमा नगरपालिकाको आर्थिक ऐन, २०८२ प्रथम संशोधनको प्रस्ताव देहाय बमोजिम स्वीकृत गरी अनुमोदनका लागि मिति २०८२/५/१८ गते आव्हान गरिएको तिलोत्तमा नगरपालिका नगरसभाको १९ औं अधिवेशनमा पेश गर्ने ।

देहायः

| क.स. | हालको व्यवस्था | संशोधन गरि कायम हुने | संशोधनको कारण |
|---|---|---|---|
| १ | दफा ३ भूमिकर (मालपोत) मा संशोधन<br><u>साविकको व्यवस्था</u><br>१) तिलोत्तमा नगरपालिकाका आफ्नो क्षेत्राधिकारभित्र दफा २ बमोजिम सम्पत्ति कर लगाउन भनि तोकिएकोमा जग्गा बाहेकका अन्य जग्गामा भूमिकर लगाइनेछ।<br>२) भूमिकर प्रयोजनका लागि जग्गाको न्यूनत्तम मूल्याङ्कन दर यसै ऐनको | उपदफा २ र ३ को बिचमा देहायको उपदफा २क थप गरिएको छ।<br>१) तिलोत्तमा नगरपालिकाको आफ्नो क्षेत्राधिकारभित्र दफा २ बमोजिम सम्पत्तिकर लगाउन भनि तोकिएका जग्गा बाहेकका अन्य जग्गाहरुमा भूमिकर लगाईनेछ।<br>२) भूमिकर प्रयोजनका लागि जग्गाको न्यूनतम मूल्याङ्कन दर यस ऐनको अनुसूची १को (ख) बमोजिम हुनेछ।<br>२ क) एउटै जग्गा धनीको नाममा दर्ता कायम रहेको, एक आपसमा सिमाना जोडिएका एक वा एक भन्दा बढी कित्ताहरु भई जग्गाको क्षेत्रफल | चालु आर्थिक वर्षमा साविकको बहुदर हटाई एकल दरले मूल्याङ्कन गर्दा धेरै जग्गा हुने करदाताको जग्गाको मूल्याङ्कन अत्याधिक बढी भई साविकमा तिरेको भन्दा बढी भूमिकर तिर्नुपरेको जनगुनासो आएकाले |

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत
५/१६

रामकृष्ण खाण
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | अनुसूची १ को (ख) बमोजिम हुनेछ।<br>३)अनुसूची १को (ख) बमोजिम कूल मूल्यांकित रकममा अनुसूची-३बमोजिमको दरमा भूमिकर लगाइनेछ । | दुई कित्ता भन्दा बढी भएको र कुनै कित्ताले बाटोलाई छोएको रहेछ भने त्यस्तो सम्पूर्ण जग्गालाई एउटै कित्ता (प्लट) मानी बाटो तर्फ १२० फिट पिछाड सम्मको जग्गालाई सडक मोहडाको जग्गा सरह र यसभन्दा पछाडिको बाँकी जग्गालाई बाटो नभएको जग्गा सरह मूल्याङ्कन गरिनेछ।<br>३) अनुसूची १ (ख) बमोजिम कूल मूल्यांकित रकममा अनुसूची-३ बमोजिमको दरमा भूमिकर लगाईनेछ। | |
| २ | दफा ३ को उपदफा २ सँग सम्बन्धित अनुसूची- १ को (ख) मा संशोधन<br>साविकको व्यवस्था<br>ख) दफा ३ को उपदफा २ को भूमिकर प्रयोजनका लागि जग्गाको मूल्याङ्कनदर देहायको दरमा १५ प्रतिशतले घटाई हुन आउने रकमलाई कायम गरिनेछ। | दफा ३ को उपदफा २ सँग सम्बन्धित अनुसूची-१ (ख) लाई देहाय बमोजिम कायम गरिएको छ।<br>ख) दफा ३ को उपदफा २ को भूमिकर प्रयोजनका लागि जग्गाको मूल्याङ्कनदर देहाय बमोजिम हुनेछ। | अव देखि पुनः बहुदर कायम गरि मूल्याङ्कन गरिने हुदा दोहोरो छुट हुन जाने हुनाले हटाईएको। |

निर्णय नं. २

तिलोत्तमा नगरपालिकाको भवन निर्माण सम्बन्धी मापदण्ड, २०७४ संशोधन सम्बन्धीं प्रस्ताव सम्बन्धमा जानकारी लिईयो ।

निर्णय नं. ३

एसियाली विकास बैंकको आर्थिक सहयोगमा सञ्चालित शहरी उत्थानशील जिविकोपार्जन सुधार परियोजना (URLIP) अन्तर्गत दोस्रो चरणको लागि प्रस्ताव गरिएको Tilottama Public Space Improvement Project अन्तर्गत देहायका आयोजनाहरु छनोट तथा प्राथमिकीकरण गरि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारीका लागि शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतको शहरी उत्थानशील जिविकोपार्जन सुधार परियोजना (URLIP), परियोजना समन्वय कार्यालय, काठमाडौंलाई सिफारिस गरी पठाउने ।

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

देहायः

| प्राथमिकताक्रम नं. | आयोजनाको नाम | आयोजना कार्यान्वयन स्थल |
|---|---|---|
| १ | मोक्षधाम धार्मिक पर्यटन पूर्वाधार निर्माण | वडानं.६ |
| २ | बहुउपयोगी खेलमैदान पूर्वाधार निर्माण | वडानं.१७ |
| ३ | सेमरी सामुदायिक पार्क पूर्वाधार निर्माण | वडानं.१३ |
| ४ | करौजिया वहुउद्देश्यीय खेल मैदान पूर्वाधार निर्माण | वडानं.१३ |
| ५ | बिन्दवासिनी धार्मिक पर्यटन पूर्वाधार निर्माण | वडानं.८ र ११ |

निर्णय नं. ४

तिलोत्तमा नगरपालिकाको भू-उपयोग परिषद्को सिफारिस बमोजिम श्री आर्कसिड ईन्जिनियरिङ्ग प्रा. लि., ललितपुरबाट पेस हुन आएको तिलोत्तमा नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा स्वीकृत गर्ने।

निर्णय नं. ५

प्रदेश लोकसेवा आयोग, लुम्बिनी प्रदेश, बुटबलको च.नं. १०२, मिति २०८२।०५।११ को प्राप्त पत्रानुसार यस नगरपालिकाको स्वीकृत सङ्गठन संरचना र दरबन्दी तेरिजभित्र रिक्त रहेको स्वास्थ्य सेवा, हे.ई. समूह, सातौं तहको जनस्वास्थ्य अधिकृत पद सङ्ख्या-१ (एक) मा स्थायी पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोग, लुम्बिनी प्रदेश, बुटबलमा माग आकृति फाराम भरी पठाउने।

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख